आज मिति २०७९ साल श्रावण ०६ गते शुक्रबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा ५ (पाँचौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री राजन पौडेल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. अघिल्लो कार्यकालको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
३. सम्पूर्ण जनप्रतिनिधिज्यूहरु सम्पत्ति विवरण बुझाउने सम्बन्धमा।
४. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको विक्री निकासी शुल्क संकलन सम्बन्धी बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा।
२. ढुङ्गा उत्खनन् अनुमति सम्बन्धमा।
३. नगर युवा परिषद्को कार्यकारी उपाध्यक्ष नियुक्ति गर्ने सम्बन्धमा।
४. बाल विकास केन्द्रका शिक्षक तथा विद्यालय कर्मचारीलाई थप पारिश्रमिक व्यवस्था गर्ने सम्बन्धमा।
५. धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।
६. विविध।

निर्णयहरु:

निर्णय नं. १:

नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०३/०३ को निर्णय अनुसार मिति २०७९/०३/०६ गते राष्ट्रिय दैनिकमा सूचना दिई "नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको विक्री निकासी शुल्क संकलन" सम्बन्धी बोलपत्र आव्हान गरिएकोमा प्रचलित कानुनको अधिनमा रही नियामानुसार दर्ता हुन आएको बोलपत्र (श्री एस एण्ड एम निर्माण सेवा प्रा.लि., डराउने पोखरी, काभ्रेपलाञ्चोक) खोल्दा माग भएका सम्पूर्ण कागजात र नियमानुसार सम्पूर्ण प्रकृया पुरा गरी दर्ता भएको श्री एस.एण्ड.एम निर्माण सेवा प्रा.लि., नमोबुद्ध नगरपालिका-०८, काभ्रेपलाञ्चोकले कबोल अंक रकम रु. २,७५,२६,८०० (दुई करोड पचहत्तर लाख छब्बीस हजार आठ सय) स्वीकृत गरी सो बोलपत्रदातासँग प्रचलित कानुन बमोजिम सम्झौता, पट्टाको फारम, कबुलियतनामा, कायदिश लगायतका प्रकृया अगाडी बढाउने।

निर्णय नं. २:

यस नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०६ स्थित श्री ब्लु शाइन रोडा ढुङ्गा उद्योग प्रा.लि.लाई खानी तथा भूगर्भ विभागको प.सं. २०७८/०७९/२४१०, च.नं. ४८०२, मिति २०७९/०२/१६ गतेको ढुङ्गा

उत्खनन् अनुमति सहमति सम्बन्धी पत्र साथ प्राप्त भएको स्वीकृत Mining Scheme, IEE को TOR र IEE प्रतिवेदनका आधारमा श्री ब्लु शाइन रोडा ढुङ्गा उद्योग प्रा.लि.लाई १५ (पन्ध्र) वर्षको अवधिका लागि सोही विभागबाट प्राप्त कागजातमा उल्लेख भएका शर्त र खानीको चौहद्दि विवरण रहेको क्षेत्रमा ढुङ्गा उत्खनन् गर्न प्रचलित कानुनको अधिनमा रही अनुमति दिने।

निर्णय नं. ३:

यस नमोबुद्ध नगरपालिकाको नगर कार्यपालिका बैठकको मिति २०७६/०५/०५ गतेको बैठकको निर्णयबाट स्वीकृत नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् कार्यविधि, २०७६ र नगर सभाको मिति २०७८/१०/१९ गतेको बैठकबाट स्वीकृत नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ कार्यान्वयनमा भई नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनको मिति २०७९/०३/२७ गते बसेको बैठकबाट भएको पहिलो संशोधन प्रावधान बमोजिमको परिच्छेद-३ (परिषद्को गठन, काम, कर्तव्य र अधिकार) को दफा ५ र परिच्छेद-७ (उपाध्यक्ष तथा कर्मचारी) को दफा १५. बमोजिम नगर युवा परिषद् को लागि कार्यकारी उपाध्यक्ष नियुक्ति गर्न आवश्यक रहेको हुँदा नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ को परिच्छेद- ७ को दफा १६. बमोजिम को काम, कर्तव्य र अधिकार अनुरुप काम कारवाही गर्न, नमोबुद्ध नगरपालिकाले स्वीकृत गरेको कार्य क्षेत्र भित्रको वार्षिक विकास योजना अनुरुपका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न, युवाहरुको क्षेत्रमा परिषद् ले गर्नुपर्ने क्रियाकलापहरु गर्न र सोहि ऐनमा भएका अन्य व्यवस्थाहरु तथा प्रचलित कानुनको कार्यान्वयन गर्न यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०८ निवासी श्री रामेश्वर अधिकारीलाई नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ (पहिलो संशोधन) बमोजिम कार्यकारी उपाध्यक्षमा नियुक्ति गर्ने सम्बन्धी मिति २०७९/०३/२७ गते भएको नगर प्रमुख स्तरीय निर्माण अनुमोदन गर्ने।

निर्णय नं. ४:

आर्थिक वर्ष २०७९/०८० को लागि नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा बाल विकास केन्द्रका शिक्षक तथा विद्यालय कर्मचारीलाई थप पारिश्रमिक शिर्षकमा प्रति शिक्षक तथा कर्मचारीलाई रु.५,००० (पाँच हजार) बजेट विनियोजन भएकोमा हालको परिस्थिति र निजहरुको कार्य क्षेत्रलाई मध्यनजर गर्दै रु. २,००० (दुई हजार) थप गरी प्रति शिक्षक तथा कर्मचारीलाई रु. ७,००० (सात हजार) उपलब्ध गराउने र संशोधन भएको कुल विनियोजन बजेटको अंक आगामी नगर सभाबाट अनुमोदन गर्ने।

निर्णय नं. ५:

यस नमोबुद्ध नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री राजन पौडेलज्यूको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार यस कार्यालयबाट सरुवा भएको हुँदा निजले यस कार्यालयमा

प्रमुख प्रशासकीय अधिकृतको रुपमा आफ्नो कार्यकालमा पुर्याउनु भएको योगदान, सहयोग, समन्वय र सहकार्यको उच्च मूल्यांकन गर्दै हार्दिक धन्यवाद सहित नयाँ कार्य क्षेत्रमा समेत कार्यकालको सफलता र उत्तरोत्तर प्रगतिको सुभकामना व्यक्त गर्ने।